# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

## चौथो अधिवेशन

## बैठक संख्या: ३५

## संक्षिप्त विवरण

## २०८१ श्रावण १६ गते, बुधबार

## दिनको १:०० बजे

१. प्रदेश सभाको चौथो अधिवेशनको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा बुधबार दिनको १:०० बजे प्रारम्भ भयो।

२. माननीय सभामुखले माननीय सदस्यज्यूहरुलाई बैठकमा शून्य समय र विशेष नरहने व्यहोरा जानकारी दिनु भएको थियो।

३. माननीय सभामुखले कार्यव्यवस्था परामर्श समितिको सदस्य रहनु भएका माननीय हरि प्रभा खड्गी(श्रेष्ठ) को स्थानमा माननीय समिता खड्गीलाई कार्यव्यवस्था परामर्श समितिको हेरफेर गरी मनोनयन गर्नुभयो ।

४. माननीय सभामुखले सभाबाट कार्यव्यवस्था परामर्श समितिमा मनोनयन हेरफेर सहमति भएको घोषणा गर्नुभयो।

५. माननीय सभामुखले विषयगत समितिहरूमा सदस्य हेरफेर एवम् सदस्य मनोनयन गर्नुभयो, प्रदेश मामिला समितिमा माननीय शालिकराम जम्कट्टेल,माननीय गंगा नारायण श्रेष्ठ र माननीय जगन्नाथ थपलिया, सार्वजनिक लेखा समितिमा माननीय युवराज दुलाल,माननीय केशव प्रसाद पोखरेल,माननीय रामेश्वर श्रेष्ठ र शिक्षा,स्वास्थ्य तथा कृषि समितिमा माननीय कुमारी मोक्तान,माननीय एका लाल श्रेष्ठ उक्त नामलाई अनुमोदन गरिदिनु अनुरोध गर्नुभयो ।

६. माननीय सभामुखले उक्त नामलाई सभाले अनुमोदन गरेको घोषणा गर्नुभयो ।

७. मननीय सभामुखले "विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय समाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी(श्रेष्ठ) लाई अनुमति दिनुभयो ।

८. माननीय समाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी(श्रेष्ठ) ले "विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सभा समक्ष पेस गर्नु भयो ।

९. माननीय सभामुखले "विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

१०. माननीय सभामुखले "विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

बागमती प्रदेश सभा
हेटौंडा, नेपाल

११. माननीय सभामुखले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

१२. माननीय सभामुखले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

१३. माननीय सभामुखले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को दफा २ देखि २३ सम्मका दफाहरू विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

१४. माननीय सभामुखले "विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को दफा २ देखि २३ सम्मका दफाहरू विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

१५. माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनु भयो ।

१६. माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

१७. माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

१८. माननीय सभामुखले माननीय समाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी(श्रेष्ठ) लाई **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

१९. माननीय समाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी(श्रेष्ठ) ले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पारित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

२०. माननीय सभामुखले माननीय समाजिक विकास मन्त्री श्री हरि प्रभा खड्गी(श्रेष्ठ) ले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

२१. माननीय सभामुखले **"विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

२२. माननीय सभामुखले अर्को सूचना नभएसम्मको लागि यो बैठक स्थगित गर्नुभयो।

(कृष्ण हरि खड्का)
सचिव